# आकाशवाणी खरसाङः प्रादेशिक समाचार– नेपाली
## मितिः २७ मई २०२५
## समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

- नौ जूनदेखि शुरू हुने पश्चिम बंगाल विधानसभा सत्रमा 'ऑपरेशन सिंदूर' माथि आधिकारिक चर्चा हुनेछ।
- कन्ज्युमर एफियर्स डिभार्टमेन्टका भारप्राप्त मन्त्री विप्लव मित्रले आज कालेबुङको 11 माइलमा अवस्थित कन्ज्युमर एफियर्स एण्ड फेयर बिजिनेस प्र्याक्टिसेसको रिजनल अफिसको भ्रमण गर्नुभयो।
- दार्जीलिङको तुङसुङमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टको सहयोगमा तथा स्थानीय गाउँलेहरुको सक्रियतामा गोर्खाल्यान्ड पुलको निर्माण प्रक्रिया आज पुरा भएको छ।
- दार्जीलिङ बिधानसभा क्षेत्रका बिधायक निरज तामाङ जिम्बाले भारत सरकारका जनजातीय मामिला मन्त्री जुएल ओरामलाई जनजाति मान्यताको सन्दर्भमा पत्रचार गर्नुभएको छ।
- कोलकाता सहित सम्पूर्ण पश्चिम बंगालमा प्रि-मनसुन वर्षा सुरु भएको छ।

**बंगाल विधानसभा**

'ऑपरेशन सिंदूर' माथि अब पश्चिम बंगाल विधानसभामा पनि आधिकारिक चर्चा हुनेछ। विधानसभा अध्यक्ष बिमान बनर्जीले हिज बताएको छ कि नौ जूनदेखि शुरू हुने सत्रमा यस सैन्य कार्यवाहीलाई लिएर प्रस्ताव प्रस्तुत गरिनेछ। यो सत्र लगभग दुइ सप्ताहसम्म चल्नेछ । मुख्यमंत्री ममता बनर्जीले यस मुद्दामाथि संसदमा चर्चाको मांग गरिसक्नु भएको छ।

बिमान बनर्जीले भनेको छ सेनाको सम्मानमा 'ऑपरेशन सिंदूर' लाई लिएर प्रस्ताव पेश गरिनेछ। यस प्रस्ताव सत्तारूढ़ तृणमूल कांग्रेसको तर्फबाट पेश गरिनेछ अनि यदि पार्टीले पहल नगरे , स्वयं अध्यक्षले आफ्नो विशेषाधिकार उपयोग गरी सदनमा प्रस्ताव प्रस्तुत गर्ने बताउनु भएको छ ।

राजनीतिक वृतमा यसलाई लिएर चर्चा छ कि राष्ट्रवादको मुद्दामा भारतीय जनता पार्टीलाई टक्कर दिनका लागि तृणमूल कांग्रेसले कुनै कसर बाकी राख्न चाहँदैन । हालैका दिनहरुमा तृणमूलको तर्फबाट धेरै रैलिहरु, सभाहरु अनि अभियानहरुमा राष्ट्रवादी भावनालाई प्रोत्साहन दिइएको थियो| अब विधानसभामा पनि प्रस्तव पेश गर्ने तैयारी छ।

**११ गोरखा राइफल्स**

भारतीय सेनाले राष्ट्र निर्माणमा आफ्नो महत्वपूर्ण भूमिका खेल्दै मणिपुरको नोनी जिल्लामा फेरि एक पटक इतिहास रचेको छ। पूर्वी कमाण्ड अन्तर्गत सञ्चालित १०७ इन्फन्ट्री बटालियन (क्षेत्रीय सेना) ११ गोरखा राइफल्स - जसलाई 'गोरखा टेरियर्स'

भनेर चिनिन्छ - ले देशको एक महत्त्वपूर्ण पूर्वाधार परियोजनाको सुरक्षित र सफल समापनमा निर्णायक योगदान पुऱ्याएको छ। मंगलबार बिहान कोलकाताको विजय दुर्गस्थित सेनाको पूर्वी कमाण्ड मुख्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ कि गोर्खा टेरियर्सले नोनीको पुल नम्बर १६४ मा विश्वको सबैभन्दा अग्लो रेलवे पियर पुल निर्माणको क्रममा निरन्तर सुरक्षा र परिचालन सहयोग प्रदान गरेको छ। यो क्षेत्रले कठिन भूभाग र प्रतिकूल मौसमको सामना मात्र गर्दैन, सुरक्षाको दृष्टिकोणले पनि संवेदनशील मानिन्छ। यस्तो अवस्थामा सेनाको अनुशासित उपस्थितिले निर्माण कार्यमा कुनै बाधा हुन दिएन।

**मन्त्री विप्लव मित्र**

कन्ज्युमर एफियर्स डिभार्टमेन्टका भारप्राप्त मन्त्री विप्लव मित्रले आज कालेबुङको 11 माइलमा अवस्थित कन्ज्युमर एफियर्स एण्ड फेयर बिजिनेस प्र्याक्टिसेसको रिजनल अफिसको भ्रमण गर्नुभयो। अघिबाटै उक्त कार्यालयको उद्घाटन गरिएको भए तापनि आगामी तीन महिनाभित्रमा पुर्णरुपमा उक्त कार्यालय सन्चालनमा आउने मन्त्री मित्रले बताउनु भएको छ। यस अवधी उहाँसित जीटीएका सभासद कमल सुब्बा पनि उपस्थित थिए। पत्रकारहरुसितको बातचित अवधी दुवैले यो कार्यालयको शुरुवात पश्चात् उपभोक्ताहरु ठगिनबाट जोगिने अनि धैरैले नै न्याय पाउने स्पष्ट पार्नुभयो।

**गोर्खाल्यान्ड पुल**

दार्जीलिङको तुङसुङमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टको सहयोगमा तथा स्थानीय गाउँलेहरुको सक्रियतामा गोर्खाल्यान्ड पुलको निर्माण प्रक्रिया आज पुरा भएको छ। छ महिना अघि निर्माण शुरु गरिएको पुलको आज अन्तिम डलाई गरियो। आज स्थानीय मानिसहरुले व्यापक रुपमा श्रमदान गरे। गोर्खाल्यान्ड पुलले तुङसुङबासी साथै अन्य गाउँहरुको निम्ति लाइफ लाइनको काम गर्नेछ। यस अवधि स्थानीय 32 वटा गाउँ समाजले प्रत्यक्ष रुपमा योगदान पुराएको थाहा लागेको छ। 155 फिट लामो निर्माण अवधि अनेक बाधाहरुको सामना गर्न परेको आइजिजेएफ का नेता अजय एडवर्डसले फेसबुक मार्फत जानकारी गराउनु भयो। पुल निर्माणले स्थानीय जनतामा उत्साह देखिएको छ अनि नयाँ सम्भावनाको बाटो खोलिएको छ।

**सुन्तला कृषक**

मिरिक बस्ती क्षेत्रका सुन्तला कृषकहरुलाई लिएर आज पहिलो गाउँ स्कुल डाडा ग्राम पञ्चायत दुई अन्तर्गत लेप्चा भवनमा एक दिवशीय प्रशिक्षण शिविर सम्पन्न भयो। राष्ट्रिय अनुसन्धान केन्द्र बङ्गाल कृषि बिद्यालयका अफिसर इन्चार्ज डाक्टर शरद गुरुङ्ग मुख्य अतिथि रहेको कार्यक्रमलाई योजना सयोजक जीवन कुमार राईले गर्नुभएको थियो। क्षेत्रका किसानहरुको बाक्लो उपस्थिति रहेको शिविरमा राष्ट्रिय अनुसन्धान केन्द्रका डाक्टर तुलसी घिमिरेले दार्जीलिङ अनि कालेबुङ्ग जिल्लामा उत्पादन हुने मन्दारिन सुन्तलाको आफ्नै बिशेषता र लोकप्रियता रहेको बताउनु हुँदै यसलाई भौगोलिक संकेत अर्थात् जियोग्राफिकल आइडेन्टिफिकेशन मान्यताको लागि दार्जीलिङ सुन्तला कृषक संघको नाममा गरिएको पन्जीकरणले चाडैं सकारात्मक परिणाम पाउने आशा व्यक्त गर्नु भएको छ।उहाँले जिआई टैग लागे पछि दार्जीलिङ र कालेबुङ्गका मन्दारिन सुन्तलाले आफ्नो नामलाई अक्षुण्ण राख्न साथै कृषकहरुको आर्थिक स्तरमा सुधार आउने तथा यसको लागि कृषकहरु जागरुक हुन पर्ने आवश्यकता माथी जोड दिनु भएको छ। शिविरमा किसानहरुलाई सुन्तला को बैज्ञानिक खेती र बिज उत्पादन आदि बिषय डाक्टर शरद घिमिरेले प्रकाश पार्नु भयो। दार्जीलिङ पहाडमा सुन्तला खेती को गौरवलाई कायम राख्न तथा मन्दारिन सुन्तला खेतीको गौरवलाई फर्काई ल्याउन किसानहरु जागरुक हुन पर्ने बताउनु भयो।

**विशेष - परमवीर चक्र**

अपरेशन सिन्दूरको सफलताको उत्सव मनाउँदै, सम्पूर्ण राष्ट्रले भारतीय सैनिकहरूको बहादुरीलाई सलाम गरिरहेको छ। आकाशबाणीको समाचार विभागले सशस्त्र बलहरूलाई श्रद्धाञ्जली स्वरूप एक विशेष श्रृंखला प्रस्तुत गरिरहेको छ। यसै सन्दर्भमा, आज हामी मेजर शैतान सिंहको सम्झना गरिरहेका छौं, जसले १९६२ को भारत-चीन युद्धमा सर्वोच्च बलिदान दिनु भएको थियो। जसका लागि सरकारले उहाँलाई परमवीर चक्रले सम्मान गरेको थियो।

**अवकाशप्राप्त कर्मचारी**

खरसाङ नगरपालिकाको अवकाशप्राप्त कर्मचारीहरुले पेन्शन र ग्राजुएटीको मांग गर्दै आजदेखि खरसाङ नगरपालिका कार्यालय अघि धरणा प्रदर्शन शुरु गरेका छन्। केही दिन अघि खरसाङ नगरपालिकाको अवकाशप्राप्त कर्मचारीहरुले अवकाशपछि सरकारी सहुलियतहरु नपाएको भन्दै नगरपालिकामा ज्ञापन बुझाएका थिए भने उक्त ज्ञापनपछि पनि कुनै उत्तर नआएपछि खरसाङ नगरपालिकाको अवकाशप्राप्त कर्मचारी संगठनले विभिन्न आन्दोलनको घोषणा गरेको थियो। सोहि घोषणा अनुसार हिजो खरसाङ नगरपालिका परिसर र खरसाङ बजारमा पोष्टरिङ गरिएको थियो भने आजदेखि खरसाङ नगरपालिका कार्यालय अघि धरणा प्रदर्शन शुरु भएको छ। प्रदर्शनमा अवकाशप्राप्त कर्मचारीहरुले विभिन्न नाराहरु पनि लगाए। यस प्रकारको धरणा अब मांग पूरा नभएसम्म लगातार रुपमा भईरहने जानकारी प्राप्त भएको छ। अवकाशप्राप्त कर्मचारीहरुद्वारा अब प्रत्येक एक बिराउँदै लगातार रुपमा धरणा प्रदर्शन र नाराबाजी गर्ने भएको जानकारी प्राप्त भएको छ। आजको धरणा प्रदर्शन विषयमा पत्रकारहरुसित कुराकानी गर्दै खरसाङ नगरपालिकाको अवकाशप्राप्त कर्मचारी संगठनको संयुक्त सचिव प्रितमकुमार छेत्रीले विस्तृत रुपमा जानकारी गराएका छन्।

**निरज तामाङ जिम्बा**

दार्जीलिङ बिधानसभा क्षेत्रका बिधायक तथा गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय समिति सेक्रेटरी जनरल निरज तामाङ जिम्बाले भारत सरकारका जनजातीय मामिला मन्त्री जुएल ओरामलाई गोर्खा समुदायको पुरानै माग — अनुसूचित जनजाति (Scheduled Tribe) मान्यताको सन्दर्भमा पत्रचार गर्नुभएको छ। पत्रमार्फत बिधायक जिम्बाले पश्चिम बंगालका ११ र सिक्किमका १२ वटा गोर्खा समुदायहरूलाई अनुसूचित जनजातिमा समावेश गर्न तुरुन्त आवश्यक कदम चाल्न केन्द्र सरकारसँग माग गर्नुभएको छ। पत्रमा बिधायक जिम्बाले पश्चिम बंगाल सरकारले उक्त समुदायहरूको लागि औपचारिक सिफारिस गरिसकेको छ भने सिक्किम सरकारले पनि राज्य बिधानसभामा प्रस्ताव पारित गरी केन्द्रलाई सिफारिस गरिसकेको अवस्थामा पनि बेवास्ता गरिनु अन्यायपूर्ण रहेको उल्लेख गर्नुभयो।